जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७४ • २०८३ साल साउन १७ गते आइतबार (2 August, Sunday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## शशांकको नेतृत्वमा ५५१ सदस्यीय आयोजक समिति




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको संस्थापन इतर (असन्तुष्ट) समूहले आगामी साउन २९ देखि ३१ गतेसम्म काठमाण्डुमा हुने राष्ट्रिय भेलाको तयारीलाई तीव्र बनाउँदै पूर्वमहामन्त्री डा. शशांक कोइरालाको संयोजकत्वमा ५५१ सदस्यीय मूल आयोजक समिति गठन गरेको छ।

शनिबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा आयोजित पत्रकार सम्मेलनमार्फत समितिको घोषणा गर्दै नेताहरूले राष्ट्रिय भेलालाई प्रभावकारी र व्यवस्थित रूपमा सम्पन्न गर्न समिति गठन गरिएको जानकारी दिए । समितिअन्तर्गत राजनीतिक प्रस्ताव, समसामयिक राजनीतिक प्रस्ताव, सांगठनिक तयारी, विधान संशोधन मस्यौदा, आर्थिक नीति, प्रचार-प्रसारलगायत १६ वटा विभिन्न समिति पनि गठन गरिएको छ।

असन्तुष्ट समूहले विधान, राजनीतिक प्रस्ताव, संगठनात्मक ढाँचा तथा नीतिगत दस्तावेज तयार गर्न छुट्टाछुट्टै समिति गठन गरेसंगै सहमति हुन नसके नयाँ राजनीतिक दल गठन गर्ने तयारीसमेत अघि बढाएको संकेत दिएको छ। स्रोतका अनुसार राष्ट्रिय भेलासम्म पार्टीभित्र एकताको सहमति कायम नभए डा. शशांक कोइरालाकै नेतृत्वमा नयाँ दल दर्ता गर्ने योजना रहेको छ।

नेता मीन विश्वकर्माले राष्ट्रिय भेला पार्टीलाई नयाँ कार्यदिशा दिने उद्देश्यले आयोजना गरिएको बताउँदै त्यस अवधिसम्म पनि सकारात्मक परिवर्तन वा सहमति नभए नयाँ स्वरूपमा अघि बढ्ने स्पष्ट पारे।

पत्रकार सम्मेलनमा डा. शशांक कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौलालगायत कांग्रेसका पूर्वपदाधिकारी तथा नेताहरूको उपस्थिति रहेको थियो।

### हिन्दू राष्ट्र घोषणा गर्न माग

## गृहमन्त्री गुरुङ र हिन्दू सम्राट सेनाबीच वार्ता निष्कर्षविहीन, संवाद पुनः हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरीको देवानगञ्ज र त्यसपछि सिरहाको गोलबजारमा भएका हिंसात्मक घटना पश्चात मधेश प्रदेशका विभिन्न जिल्लामा चर्किएको तनाव अझै पूर्ण रूपमा साम्य हुन सकेको छैन । यही अवस्थालाई सामान्य बनाउन गृहमन्त्री सुधन गुरुङ शनिबार जनकपुरधाममा आन्दोलनरत पक्षसंग संवादमा जुटेका छन् । सरकार, हिन्दू सम्राट सेना तथा अन्य हिन्दूवादी संगठनबीच धनुषाको जिल्ला प्रशासन कार्यालयमा करिब दुई घण्टा लामो वार्ता भए पनि तत्काल कुनै निष्कर्ष ननिस्किएपछि केही समयका लागि स्थगित गरिएको छ। दुवै पक्ष पुनः वार्तामा बस्ने सहमतिसहित छलफल रोकिएको जनाइएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषाको परिसरमा रहेको अधिकृत संगममा भएको वार्तामा गृहमन्त्री गुरुङ, हिन्दु सम्राट सेनाका प्रतिनिधि, अन्य हिन्दुवादी संगठन, स्थानीय क्लबका प्रतिनिधि तथा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्यहरू सहभागी थिए। संघीय सांसद मनिष झा र राजकिशोर महतोको समेत उपस्थिति रहेको थियो।



सरकारले मधेशमा देखिएको तनावलाई संवादमार्फत समाधान गर्ने उद्देश्यले आन्दोलनरत पक्षसंग छलफल अघि बढाएको जनाएको छ। वार्ताका क्रममा पछिल्ला घटनाक्रम, आन्दोलनकारीका माग, पीडित परिवारको अवस्था तथा सम्भावित समाधानका उपायबारे विस्तृत छलफल भएको बताइएको छ। गृहमन्त्री गुरुङले सामाजिक सद्भाव कायम राख्दै संवाद र सहमतिका माध्यमबाट समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको धारणा राखेका छन्।

वार्तामा हिन्दू सम्राट सेना नेपालले सुनसरीको कप्तानगञ्जमा साउन १० गते गोली चल्नु अघि विद्युत् आपूर्ति बन्द गरिएको विषयमा निष्पक्ष छानबिन गर्नुपर्ने, घटनामा ज्यान गुमाएकाहरूलाई शहीद घोषणा गर्नुपर्ने, मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने तथा नेपाललाई पुनः हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने माग सरकारसमक्ष राखेको छ। आन्दोलनकारी पक्षले दोषीमाथि कानुनी कारबाही र घटनाको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने मागसमेत दोहोऱ्याएको छ।

साउन १० गते सुनसरीको देवानगञ्जस्थित कप्तानगञ्जमा दुई समुदायबीच भएको विवाद हिंसात्मक बनेपछि दुई जनाको मृत्यु भएको थियो । त्यसपछि मधेशका विभिन्न जिल्लामा विरोध प्रदर्शन शुरु भएको थियो । सोही क्रममा सिरहाको गोलबजारमा भएको प्रदर्शनका बेला प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएपछि आन्दोलन थप उग्र बनेको थियो।

सो घटनापछि सप्तरी, सिरहा, धनुषा, पर्सालगायतका जिल्लामा प्रदर्शन, निषेधाज्ञा तथा कर्फ्यू लागू गरिएको थियो । पछिल्लो समय केही स्थानमा कर्फ्यू हटाइए पनि सम्भावित सुरक्षा जोखिमलाई ध्यानमा राख्दै वीरगञ्ज, जनकपुरधाम, लहान र गोलबजारलगायतका क्षेत्रमा निषेधाज्ञा अझै कायम राखिएको छ।

शुक्रबार जनकपुरधाममा बसेको सर्वपक्षीय बैठकले सामाजिक सद्भाव कायम राख्ने सहमति गरेपछि शनिबार बिहान सद्भाव ऱ्याली आयोजना गरिएको थियो। तर सोही क्रममा हिन्दु सम्राट सेनाको एक समूहले आफ्ना माग पूरा गर्नुपर्ने भन्दै छुट्टै प्रदर्शन गरेको थियो। आन्दोलनकारीहरूले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा आफ्ना राजनीतिक र सामाजिक माग पूरा गर्न दबाब दिँदै प्रदर्शन जारी राखेका छन्।

यसबीच केही राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरू हिन्दु सम्राट सेनाको पक्षमा देखिएको भन्दै राजनीतिक वृत्तमा पनि चर्चा शुरु भएको छ।

गृहमन्त्री गुरुङ शनिबार जनकपुरधाममा आएर आन्दोलनरत पक्षसंग वार्तामा सहभागी भएका छन्। उनले सुरक्षा निकायका अधिकारीहरूसंग समेत छलफल गर्दै मधेशका विभिन्न जिल्लाको स्थलगत अवस्थाबारे जानकारी लिएका छन्।

प्रशासनले जोखिमयूक्त क्षेत्रको निगरानीलाई निरन्तरता दिँदै आवश्यक सुरक्षा व्यवस्था कायम राखेको जनाएको छ। केही जिल्लामा कर्फ्यू खुकुलो बनाइए पनि पूर्ण रूपमा हटाइएको छैन भने निषेधाज्ञा पनि धेरै स्थानमा अझै लागू छ।

सरकार र आन्दोलनरत पक्षबीच संवाद शुरु भएसंगै तनाव क्रमशः कम हुने अपेक्षा गरिए पनि वार्ता निष्कर्षविहीन रहेकाले आगामी छलफलले नै आन्दोलनको दिशा र मधेश प्रदेशको सुरक्षा अवस्थाबारे थप स्पष्टता दिने देखिएको छ।

### जनकपुरधाममा सद्भाव ऱ्याली

## पर्सा, धनुषा र सिरहामा निषेधाज्ञा, पीडित परिवारसंग सरकारको आठ बुँदे सहमति

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरी र सिरहामा भएका हिंसात्मक घटनापछि मधेश प्रदेशभर सुरक्षा संवेदनशीलता बढिरहेका बेला जनकपुरधाममा एकातिर सामाजिक सद्भाव कायम राख्न बृहत् सद्भाव ऱ्याली आयोजना गरिएको छ भने अर्कोतर्फ दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन माग गर्दै युवाहरूले विरोध प्रदर्शन गरेका छन्। यसैबीच धनुषा, सिरहा र सुनसरीमा सुरक्षा अवस्थाको समीक्षा गर्दै स्थानीय प्रशासनले कर्फ्यु हटाएर निषेधाज्ञा जारी गरेको छ। उता सिरहाको गोलबजार घटनामा मृत्यु भएका गणेश यादवका परिवारसंग सरकारले आठबुँदे सहमति गर्दै राहत, रोजगारी, निःशुल्क शिक्षा र उपचारलगायतका प्रतिबद्धता जनाएको छ।

जनकपुरधाममा जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाइमा आयोजित बृहत् सद्भाव ऱ्याली सम्पन्न भएपछि स्वतःस्फूर्त रूपमा भेला भएका युवाहरूको समूहले सुनसरी र सिरहामा भएका घटनाका दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न माग गर्दै प्रदर्शन गरेको छ।

प्रदर्शनकारीहरूले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै दोषीलाई कुनै पनि बहानामा उन्मुक्ति नदिन प्रशासनसंग माग गरे। उनीहरूले पीडितलाई न्याय सुनिश्चित गर्नुपर्ने, समाजमा शान्ति सुरक्षा कायम गर्न राज्य थप संवेदनशील बन्नुपर्ने तथा साम्प्रदायिक सद्भाव कायम राख्न प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

युवाहरूले शान्तिपूर्ण समाज निर्माणका लागि विधिको शासन अपरिहार्य रहेको उल्लेख गर्दै स्थानीय प्रशासनलाई निष्पक्ष रूपमा कानुन कार्यान्वयन गर्न आग्रह गरेका थिए। प्रदर्शनका क्रममा दोषीलाई हदैसम्मको कारबाही गर्नुपर्ने मागसहित नाराबाजी गरिएको थियो।

पछिल्ला घटनापछि जनकपुरधाममा उत्पन्न तनावपूर्ण वातावरणलाई सामान्य बनाउने तथा सामाजिक सद्भाव र एकतालाई थप मजबुत बनाउने उद्देश्यले रेल्वे स्टेसनबाट शुरु भएको सद्भाव ऱ्यालीले नगरका विभिन्न मुख्य सडक र चोकहरूको परिक्रमा गरेको थियो।

ऱ्यालीमा स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुख, सरकारी कर्मचारी, विभिन्न धर्मका अगुवा, राजनीतिक दलका नेता, नागरिक समाजका प्रतिनिधि तथा उद्योगी-व्यवसायीहरूको सहभागिता रहेको थियो।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले मिथिला संस्कृतिले सधैँ शान्ति, सहिष्णुता र भाइचाराको सन्देश दिएको उल्लेख गर्दै सबै नागरिकलाई सामाजिक सद्भाव कायम राख्न अपील गरे।




जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले नेपालका ठूला राजनीतिक तथा सामाजिक परिवर्तनहरू शान्तिपूर्ण आन्दोलनबाट सम्भव भएको स्मरण गराउँदै आन्दोलनरत पक्षलाई आफ्ना माग संवाद र वार्तामार्फत शान्तिपूर्ण रूपमा प्रस्तुत गर्न आग्रह गरे।

जिल्ला प्रशासन कार्यालय धनुषाले यसअघि जारी गरेको कर्फ्यू आदेश हटाउँदै शनिबार बिहान १० बजेदेखि अर्को आदेश नभएसम्मका लागि निषेधाज्ञा लागू गरेको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार जिल्ला सुरक्षा समितिको निर्णयपछि कर्फ्यु हटाइएको हो। तर स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३)(क) बमोजिम तोकिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति एकै स्थानमा भेला हुन, सभा, जुलुस तथा प्रदर्शन गर्न निषेध गरिएको छ।

त्यस्तै सिरहाको लहान नगरपालिकामा जारी गरिएको कर्फ्यु आदेश पनि हटाइएको छ। सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जिल्लाको सुरक्षा अवस्थाको समीक्षा तथा सुरक्षा निकायसँगको समन्वयपछि शनिबार बिहान १० बजेदेखि कर्फ्यु हटाइएको जानकारी दिए।

त्यस्तै सुनसरी जिल्ला प्रशासन कार्यालयले पनि जिल्लाका संवेदनशील क्षेत्रमा जारी कर्फ्यु आदेश हटाउँदै निषेधाज्ञालाई भने निरन्तरता दिएको छ। सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेवप्रसाद अर्यालको अनुसार बिहान ८:३० बजेदेखि बेलुका ५ बजेसम्म कर्फ्यु हटाइएको भए पनि तोकिएका क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला हुन, जुलुस, प्रदर्शन, सभा, बैठक तथा धर्ना गर्न निषेध गरिएको छ।

यता सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका गणेश यादवका परिवारलाई सरकारले १० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ।

गृह मन्त्रालयले जनाए अनुसार यादवलाई शहीद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाइनेछ । साथै स्थानीय सरकारसंगको समन्वयमा उपयुक्त स्थानमा स्मृति उद्यान निर्माण गरी उनको शालिक स्थापना गर्ने तयारीसमेत गरिएको छ।


गृहमन्त्री सुधन गुरुङले मृतक गणेश यादवका परिवारसँग आठबुँदे सहमति भएको जानकारी दिए।


जिल्ला सुरक्षा समितिको बैठकपछि गृहमन्त्री गुरुङ यादवको घर सिरहाको औरही गाउँपालिकास्थित तुलसीयाही पुगेर परिवारसंग भेटवार्ता गरेका थिए। छलफलपछि घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही, उचित क्षतिपूर्ति, परिवारका सदस्यलाई निःशुल्क शिक्षाको व्यवस्था, बुबा-आमाको निःशुल्क उपचार तथा परिवारका सदस्यलाई रोजगारी सुनिश्चित गर्ने विषयमा सहमति भएको उनले बताए।

गृहमन्त्री गुरुङले गोलबजार घटनाको अनुसन्धानमा कुनै कमजोरी हुन नदिइने र दोषीलाई कानुनी दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गरे।

गणेश यादवको साउन १४ गते सुनसरीको देवानगञ्ज घटनाको विरोधमा गोलबजारमा भएको प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएको थियो।

सुनसरी र सिरहाका घटनापछि मधेशका विभिन्न जिल्लामा सुरक्षा व्यवस्था कडा बनाइएको छ । प्रशासनले हिंसा र तनाव नियन्त्रण गर्न कर्फ्यु तथा निषेधाज्ञाजस्ता उपाय अपनाइरहेको छ भने नागरिक समाज र विभिन्न सरोकारवालाले सामाजिक सद्भाव कायम राख्दै दोषीलाई कानुनी दायरामा ल्याउन माग गरिरहेका छन्।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रहरी र सशस्त्रलाई सशक्त बनाउ

नेपालमा हुने आन्तरिक द्वन्द्व, विभिन्न झडप, सम्प्रदायिक सद्भाव बिगार्ने घटनाहरुमा नेपाली सेनालाई परिचालन गर्ने सामान्य भएको छ। नेपालमा भारी संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी छ। आन्तरिक झैँझगडा, दंगा नियन्त्रण गर्न उनीहरु सक्षम छ । हालै सुनसरी जिल्लामा दुई समुदायबीच भएको झडपपछि तराई मधेशमा उत्पन्न हिंसात्मक प्रदर्शनलाई नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरीसंगै नेपाली सेनालाई सरकारले उतारेको थियो। भारी संख्यामा सडकमा परिचालन भएको सेनाले शान्ति सुरक्षा कायम गर्न कति सफल भए ? त्यसको मूल्यांकन हुने नै छ। तर सेनासित प्रदर्शनकारीहरुले कतिपय ठाउँमा मुठभेडको स्थितिमा देखिए। नेपाली सेनाको नाम नै काफी छ। सेना सडकमा ओर्लनु भनेको असामान्य परिस्थिति हो । त्यो सोझै सडकमा दुई दिन गस्ती गरेर फेरी ब्यारेकमा आउने दंगा प्रहरीको भूमिकामा रहने होइन। नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थिति नियन्त्रण गर्न असफल भइसकेपछि मात्र सेना परिचालन हुने हो। केही जिल्लामा मात्र कर्फ्यू लगाइएको थियो। त्यसमा पनि सर्वसधारणलाई अत्यावश्यक कार्यमा जान रोकेको थिएन। सुनसरी, सिरहा र धनुषा जिल्लामा कर्फ्यू लगाइएको थियो। कर्फ्यु तोडेर ठाउँ ठाउँमा प्रदर्शन भएको थियो। त्यस क्रममा कयौं स्थानमा प्रदर्शनकारीहरु सेनाको सामुने भएका थिए । सुनसरी र सिरहामा गरी तीन जनाको ज्यान गयो । प्रदर्शनकारीहरुमाथि ताकेर गोली चलाउने घटनाको छानबिनका लागि समितिहरु बनेका छन् । अशान्त बनेका जिल्लाहरुमा प्रमुख जिल्ला अधिकारीहरुको सक्रियतामा सुरक्षा समितिले सर्वपक्षीय बैठक गरी सद्भाव ऱ्याली निकाले । शान्ति सुरक्षालाई सहज बनाउन महत्वपूर्ण कार्य सद्भाव ऱ्यालीले गरे। कुनै जिल्लामा स्थिति नेपाल प्रहरी र सशस्त्र प्रहरीको नियन्त्रण भन्दा बाहिर थिएन। तैपनि जिल्ला सुरक्षा समिति अथवा केन्द्रीय सुरक्षा समितिको बैठकले सेना परिचालन गर्ने आवश्यकता देख्यो। नेपाल प्रहरी र सशस्त्र प्रहरी असफल भइसकेको जिल्लामा सेना परिचालन उपयूक्त भए पनि सबै जिल्लामा सेना परिचालन पक्कै पनि उपयुक्त थिएन। सेना राष्ट्रको धरोहर हो। सेनालाई हरेक घटनामा सडकमा पठाउँदा आम नागरिकमा सेनाको भय क्रमिक रुपमा कम हुँदै जानेछ। प्रहरीसित भिड्ने आँट आमनागरिकमा त्यसै आएको होइन। गत वर्ष काठमाण्डुको जेन- जी आन्दोलन र सुरक्षाको अवस्थाले आन्दोलनकारीहरुको मनोबल उच्च बनाएको छ । प्रहरीको खसेको मनोबललाई अझै उच्च बनाउन सकिएको छैन । सुरक्षा निकायका प्रमुखहरु नै दोषी देखिन थालेपछि मुन्तिरका फौजको मनोबल कमजोर हुनु अस्वभाविक होइन । नेपाल प्रहरी र सशस्त्र प्रहरीको मनोबल उच्च गरी देशमा हुने दंगाहरुलाई नियन्त्रण गर्न सक्षम बनाउनु पर्छ। सेनालाई अन्तिम समयमा मात्र बाहिर ल्याउनु पर्ने हो। हाल नेपालमा तीनवटा फौज छ।

# विविधता नेपालको शक्ति हो, विभाजनको आधार होइन



● सुजीत कुमार झा

राष्ट्रको वास्तविक शक्ति मात्र त्यसको भूगोल, प्राकृतिक स्रोत वा सैन्य क्षमताले निर्धारण गर्दैन । कुनै पनि राष्ट्र कति बलियो छ भन्ने कुरा त्यहाँका नागरिकबीचको विश्वास, सामाजिक एकता, संस्थाप्रतिको आस्था र साझा राष्ट्रिय भावनाले तय गर्छ । विकासका दृष्टिले सम्पन्न मानिएका धेरै मुलुकहरू पनि जातीय, धार्मिक वा भाषिक द्वन्द्वका कारण अस्थिर बनेका उदाहरण विश्वमा प्रशस्त छन् । त्यसैगरी सीमित स्रोत हुँदाहुँदै पनि सामाजिक एकता, सहिष्णुता र साझा राष्ट्रिय लक्ष्यका कारण उल्लेखनीय प्रगति गरेका मुलुकहरू पनि छन् । नेपालको भविष्य पनि यही प्रश्नमा निर्भर छ–हामी हाम्रो विविधतालाई राष्ट्रिय शक्तिका रूपमा उपयोग गर्छौं कि विभाजनको आधार बनाउँछौं ?

नेपालको परिचय कुनै एक जाति, भाषा, धर्म वा संस्कृतिले निर्माण गरेको होइन। हिमालदेखि तराईसम्म फैलिएको भूगोल, सयौं जातजाति, अनेकौं भाषाभाषी समुदाय, विभिन्न धार्मिक आस्था, सांस्कृतिक परम्परा र जीवनशैलीले संयुक्त रूपमा नेपालको राष्ट्रिय चरित्र निर्माण गरेका छन् । यही कारण नेपाललाई विविधतामा एकताको अनुपम उदाहरणका रूपमा लिइन्छ । नेपाली समाजको विशेषता भनेको भिन्नताबीच पनि सहअस्तित्व कायम राख्ने क्षमता हो । यही संस्कृतिले नेपाललाई लामो समयसम्म सामाजिक रूपमा सन्तुलित राखेको छ।

तर पछिल्ला केही वर्षयता समाजमा चिन्ताजनक परिवर्तन देखिन थालेको छ। राजनीतिक प्रतिस्पर्धा, सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग र भावनात्मक प्रचारका कारण जात, धर्म, भाषा, क्षेत्र र राजनीतिक विचारका आधारमा नागरिकलाई विभाजन गर्ने प्रवृत्ति बढ्दो छ। सार्वजनिक बहसमा असहमतिलाई शत्रुताका रूपमा व्याख्या गर्ने, सामाजिक सञ्जालमा अपुष्ट सूचना फैलाउने, कुनै एउटा समुदायलाई सम्पूर्ण रूपमा दोषी देखाउने तथा फरक विचार राख्ने व्यक्तिलाई देशभक्त वा देशद्रोहीको रूपमा वर्गीकरण गर्ने प्रवृत्तिले सामाजिक सद्भावलाई कमजोर बनाइरहेको छ।

लोकतन्त्रमा मतभिन्नता स्वाभाविक हो । फरक विचार, फरक राजनीतिक दृष्टिकोण र फरक सामाजिक मान्यताले नै लोकतान्त्रिक समाजलाई जीवन्त बनाउँछन् । तर जब विचारको प्रतिस्पर्धा घृणामा बदलिन्छ, तर्कको स्थान भावनात्मक उत्तेजनाले लिन्छ र संवादको सट्टा आरोप-प्रत्यारोप हाबी हुन्छ, तब लोकतन्त्रको आधार नै कमजोर हुन थाल्छ। समाजलाई विभाजन गरेर प्राप्त हुने राजनीतिक लाभ क्षणिक हुन सक्छ, तर त्यसको दीर्घकालीन असर राष्ट्रिय एकतामाथि पर्छ।

नेपालको संविधानले यही यथार्थलाई स्वीकार गर्दै विविधतालाई राष्ट्रिय सम्पत्तिका रूपमा स्थापित गरेको छ। समानता, समावेशिता, सामाजिक न्याय र सांस्कृतिक अधिकार संविधानका मूल आधार हुन् । प्रत्येक नागरिकलाई आफ्नो भाषा, संस्कृति, धर्म र पहिचानको संरक्षण गर्ने अधिकार दिइएको छ भने कुनै पनि आधारमा विभेद गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ । यसको अर्थ नेपालले विविधतालाई समस्या होइन, लोकतान्त्रिक शक्ति मानेको छ।

यद्यपि संविधानले अधिकार सुनिश्चित गरिदिँदैमा सामाजिक सद्भाव स्वतः स्थापित हुँदैन। त्यसका लागि राजनीतिक नेतृत्व, सञ्चारमाध्यम, नागरिक समाज र आम नागरिक सबै उत्तिकै जिम्मेवार हुनुपर्छ। विशेषगरी राजनीतिक नेतृत्वले पहिचानका मुद्दालाई राष्ट्रिय एकताको दृष्टिकोणबाट हेर्नुपर्छ, विभाजनको माध्यमका रूपमा होइन। निर्वाचन जित्न वा क्षणिक लोकप्रियता हासिल गर्न समुदायबीच अविश्वास फैलाउने प्रवृत्तिले अन्ततः सम्पूर्ण राष्ट्रलाई कमजोर बनाउँछ।

नेपालको सामाजिक संरचना बहुआयामिक छ । हिमाली, पहाडी, मधेसी, थारू, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, शेर्पा, नेवार, ब्राह्मण, क्षेत्री, दलित तथा अन्य सबै समुदायले नेपालको इतिहास, संस्कृति र विकास यात्रामा महत्वपूर्ण योगदान दिएका छन् । कुनै पनि समुदाय नेपालको राष्ट्रिय जीवनभन्दा बाहिर छैन । त्यसैले कुनै समुदायको सम्मान भनेको सम्पूर्ण नेपालको सम्मान हो, र कुनै समुदायमाथिको अविश्वास अन्ततः राष्ट्रिय एकतामाथिकै आघात हो ।

पहिचानको सम्मान र विभाजनकारी राजनीतिबीच स्पष्ट भिन्नता छ । ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायलाई समान अवसर, प्रतिनिधित्व र न्याय सुनिश्चित गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो । तर त्यसैका नाममा अर्को समुदायप्रति घृणा फैलाउनु, इतिहासको पीडालाई वर्तमानको द्वन्द्वमा रूपान्तरण गर्नु वा सम्पूर्ण समुदायलाई एउटै दृष्टिले दोषी ठहर गर्नु कुनै पनि दृष्टिले लोकतान्त्रिक अभ्यास होइन । न्यायको आधार प्रतिशोध होइन, समानता र सहअस्तित्व हो ।

यसै सन्दर्भमा आज सबैभन्दा ठूलो चुनौती सामाजिक सञ्जाल बनेको छ । डिजिटल प्रविधिले अभिव्यक्तिलाई सहज बनाएको छ, तर त्यससँगै गलत सूचना, भ्रामक सामग्री र घृणात्मक प्रचार पनि तीव्र गतिमा फैलिरहेका छन् । केही सेकेन्डमै लाखौँ मानिससम्म पुग्ने सूचना यदि तथ्यहीन भयो भने त्यसले समाजमा अविश्वास, तनाव र विभाजन सिर्जना गर्न सक्छ । त्यसैले डिजिटल नागरिकका रूपमा प्रत्येक व्यक्तिले तथ्य पुष्टि नगरी कुनै पनि सामग्री साझा नगर्ने संस्कार विकास गर्नु आवश्यक छ।

नेपालको भविष्य विविधतालाई कसरी व्यवस्थापन गरिन्छ भन्ने प्रश्नसँग जोडिएको छ । यदि हामीले विविधतालाई साझा शक्ति बनायौँ भने लोकतन्त्र बलियो हुनेछ, विकासले गति लिनेछ र राष्ट्रिय एकता थप मजबुत हुनेछ । तर यदि यही विविधतालाई विभाजन र द्वेष फैलाउने माध्यम बनायौँ भने त्यसको मूल्य सम्पूर्ण राष्ट्रले चुकाउनुपर्नेछ।

नेपालको सामाजिक संरचनाको अर्को महत्वपूर्ण आधार धार्मिक सहिष्णुता हो । हिन्दू, बौद्ध, मुस्लिम, किराँत, इसाई, सिख, जैनलगायत विभिन्न धर्मावलम्बीहरू शताब्दीयौँदेखि एउटै समाजमा सहअस्तित्वका साथ बस्दै आएका छन्। एउटै गाउँमा मन्दिर, मस्जिद, गुम्बा र चर्च एकअर्काको सम्मान गर्दै अस्तित्वमा रहनु नेपाली समाजको विशिष्ट पहिचान हो। यही धार्मिक सहिष्णुताले नेपाललाई विश्वसामु फरक र उदाहरणीय राष्ट्रका रूपमा चिनाएको छ।

यद्यपि पछिल्ला वर्षहरूमा धार्मिक विषयलाई पनि राजनीतिक लाभ र सामाजिक ध्रुवीकरणको माध्यम बनाउने प्रयासहरू बढेका छन् । सामाजिक सञ्जालमा कुनै एउटा धर्म वा समुदायलाई सम्पूर्ण रूपमा अतिवाद, विदेशी प्रभाव वा षड्यन्त्रसँग जोडेर प्रस्तुत गर्ने प्रवृत्ति देखिन थालेको छ। यस्ता आरोप यदि तथ्य र प्रमाणमा आधारित छैनन् भने तिनले समाजमा अनावश्यक अविश्वास र तनाव सिर्जना गर्छन् । कुनै व्यक्तिको गतिविधिलाई आधार बनाएर सम्पूर्ण समुदायमाथि प्रश्न उठाउनु न्यायसङ्गत हुँदैन ।

जातीय सम्बन्धमा पनि यस्तै सावधानी आवश्यक छ । नेपालको संविधानले ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायलाई समान अवसर, प्रतिनिधित्व र सामाजिक न्याय सुनिश्चित गर्ने स्पष्ट व्यवस्था गरेको छ । यो लोकतान्त्रिक राज्यको दायित्व पनि हो । तर अधिकारको माग र विभाजनकारी भाषाबीचको सीमारेखा सधैँ स्पष्ट रहनुपर्छ । आफ्नो अधिकारको पक्षमा आवाज उठाउनु लोकतान्त्रिक अधिकार हो, तर त्यसका नाममा अर्को समुदायलाई दोषी, शत्रु वा उत्पीडकको रूपमा स्थायी रूपमा चित्रण गर्नु सामाजिक सद्भावका लागि घातक हुन्छ।

समाजलाई जोड्ने शक्ति समान अवसरमा हुन्छ, घृणामा होइन । लोकतन्त्रको सफलता कुनै एक समुदायको विजयमा होइन, सबै समुदायको सम्मानजनक सहभागितामा निहित हुन्छ। त्यसैले पहिचानको राजनीति समावेशी हुनुपर्छ, विभाजनकारी होइन।

नेपालको संविधानले पनि यही भावना आत्मसात् गरेको छ । समानताको हक, छुवाछूतविरुद्धको व्यवस्था, भाषा तथा संस्कृतिको संरक्षण, समावेशी राज्य संरचना र सामाजिक न्यायका प्रावधानहरूले विविधतालाई राष्ट्रिय सम्पत्तिका रूपमा स्वीकार गरेका छन् । संविधानको मूल भावना नै कुनै पनि नागरिकलाई जात, धर्म, भाषा, लिङ्ग वा क्षेत्रका आधारमा विभेद नगरी समान अवसर प्रदान गर्नु हो । संविधानले दिएको यही मार्गदर्शनलाई व्यवहारमा कार्यान्वयन गर्न सकियो भने सामाजिक सद्भाव अझ बलियो बन्न सक्छ।

लोकतन्त्रमा सबै नागरिकको विचार एउटै हुनुपर्छ भन्ने अपेक्षा गर्न सकिँदैन। कसैले गणतन्त्रको समर्थन गर्न सक्छ, कसैले संवैधानिक राजतन्त्रको पक्ष लिन सक्छ । कसैले धर्मनिरपेक्षताको समर्थन गर्ला भने कसैले हिन्दू राष्ट्रको अवधारणालाई उचित ठान्ला । यस्ता मतभिन्नता लोकतन्त्रका स्वाभाविक विशेषता हुन् । समस्या विचार फरक हुनुमा होइन, विचार फरक भएकै कारण एकअर्कालाई देशद्रोही, राष्ट्रविरोधी वा शत्रुका रूपमा चित्रण गर्ने प्रवृत्तिमा हो । लोकतन्त्रमा प्रतिस्पर्धा विचारको हुनुपर्छ, व्यक्तिको होइन; तर्कको हुनुपर्छ, घृणाको होइन ।

डिजिटल युगले समाजलाई जोड्ने अभूतपूर्व अवसर दिएको छ। आज एउटा सूचना केही सेकेन्डमै देश-विदेशका लाखौँ मानिससम्म पुग्न सक्छ । तर यही प्रविधि गलत प्रयोग भयो भने त्यसले समाजलाई विभाजन गर्ने सबैभन्दा शक्तिशाली माध्यम पनि बन्न सक्छ। सम्पादन गरिएका भिडियो, कृत्रिम रूपमा तयार गरिएका तस्बिर, अपुष्ट सूचना र भ्रामक सामग्रीले सामाजिक तनाव बढाउने जोखिम बढेको छ। त्यसैले डिजिटल साक्षरता आजको आवश्यकता मात्र होइन, राष्ट्रिय एकता जोगाउने आधार पनि हो । कुनै पनि सामग्री साझा गर्नु अघि त्यसको स्रोत, विश्वसनीयता र तथ्य पुष्टि गर्ने संस्कार विकास गर्न आवश्यक छ।

सञ्चारमाध्यमको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । जिम्मेवार पत्रकारिताले समाजलाई तथ्यमा आधारित सूचना दिन्छ, बहसलाई सन्तुलित बनाउँछ र लोकतन्त्रलाई बलियो बनाउँछ। तर सनसनी, अपुष्ट सूचना वा उत्तेजक सामग्रीलाई प्राथमिकता दिइयो भने त्यसले सामाजिक विभाजनलाई झन् गहिरो बनाउन सक्छ । त्यसैले प्रेस स्वतन्त्रतासँगै पत्रकारिताको उत्तरदायित्व पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

राजनीतिक नेतृत्वको जिम्मेवारी अझ ठूलो छ। समाजलाई जोड्ने कि विभाजन गर्ने भन्ने कुरा धेरै हदसम्म नेतृत्वको भाषा र व्यवहारले निर्धारण गर्छ। यदि नेतृत्वले निर्वाचन जित्न वा अल्पकालीन लोकप्रियता प्राप्त गर्न जात, धर्म वा क्षेत्रीय भावनालाई प्रयोग गर्छ भने त्यसले दीर्घकालीन रूपमा राष्ट्रलाई कमजोर बनाउँछ । साँचो नेतृत्व भनेको सबै समुदायलाई समान सम्मान गर्दै साझा राष्ट्रिय लक्ष्यतर्फ अघि बढाउने क्षमता हो।

नेपालको इतिहासले संकटका बेला एकताले असम्भव देखिएका चुनौतीहरू पनि पार गर्न सकिन्छ भन्ने प्रमाणित गरेको छ। २०७२ सालको विनाशकारी भूकम्प, कोरोना महामारी, बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्तिका समयमा नेपालीहरूले देखाएको सहकार्य र मानवीयता हाम्रो सबैभन्दा ठूलो सम्पत्ति हो। ती कठिन दिनहरूमा कसैले जात, धर्म, भाषा वा क्षेत्र सोधेन। सबैले एउटै परिचय बोके–नेपाली। यही भावना नेपालको वास्तविक शक्ति हो।

आज हामीले आफैँलाई एउटा गम्भीर प्रश्न सोध्नुपर्ने समय आएको छ–हामी भावी पुस्तालाई कस्तो नेपाल हस्तान्तरण गर्दैछौँ ? अविश्वास, घृणा र विभाजनले कमजोर बनेको नेपाल, वा सहिष्णुता, सामाजिक न्याय, लोकतान्त्रिक संस्कार र साझा राष्ट्रिय भावनाले बलियो बनेको नेपाल ?

उत्तर हाम्रो व्यवहारले निर्धारण गर्नेछ । हामी हिमाली, पहाडी, मधेसी, थारू, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, शेर्पा, नेवार, ब्राह्मण, क्षेत्री, दलित वा अन्य कुनै पनि समुदायका हुन सक्छौँ । हामी हिन्दू, बौद्ध, मुस्लिम, किराँत, इसाई वा अन्य जुनसुकै धर्म मान्न सक्छौँ । हाम्रो मातृभाषा, संस्कृति र परम्परा फरक हुन सक्छ। तर यी सबैभन्दा माथि एउटा साझा परिचय छ–हामी नेपाली हौँ।

राष्ट्रियता कुनै जात, धर्म, भाषा वा भूगोलको सीमाभित्र कैद हुने विषय होइन। यो साझा इतिहासप्रतिको सम्मान, वर्तमानप्रतिको उत्तरदायित्व र भविष्यप्रतिको सामूहिक प्रतिबद्धता हो । त्यसैले आजको आवश्यकता विविधतालाई विभाजनको आधार बनाउनु होइन, राष्ट्र निर्माणको साझा शक्ति बनाउनु हो।

नेपालको समृद्धि मात्रै आर्थिक विकासबाट सम्भव हुँदैन । सामाजिक विश्वास, संस्थागत स्थायित्व, कानुनी समानता र राष्ट्रिय एकता त्यत्तिकै आवश्यक आधार हुन् । त्यसैले आरोपभन्दा प्रमाणलाई, घृणाभन्दा संवादलाई, असहिष्णुताभन्दा सहअस्तित्वलाई र विभाजनभन्दा राष्ट्रिय एकतालाई प्राथमिकता दिऔँ। जब नेपालीहरूले एकअर्कालाई शंकाले होइन, विश्वासले हेर्न थाल्छन्, त्यही दिनबाट समृद्ध, न्यायपूर्ण र समावेशी नेपालको निर्माणले वास्तविक गति लिनेछ।




*Ai Generated Image.*


**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | आज तपाईको आत्मविश्वास बढ्ने दिन हो। |
| वृष : | धैर्य र संयमताले आज सफलता दिलाउनेछ। |
| मिथुन : | आज नयाँ योजना बनाउन अनुकुल समय छ। |
| कर्कट : | परिवारको जिम्मेवारी बढ्न सक्छ। |
| सिंह : | आज नेतृत्व क्षमता देखाउने मौका मिल्नेछ। |
| कन्या : | सानो कुरामा धेरै चिन्ता नगर्नुहोस्। |
| तुला : | आज निर्णय लिंदा दोधार हुन सक्छ। कामकाजमा सहयोगीका साथ हुनेछ। |
| वृश्चिक : | आज गोप्य कुरामा ध्यान दिन आवश्यक छ। |
| धनु : | नयाँ अवसरको ढोका खुल्न सक्छ । यात्राको सम्भावना देखिन्छ। |
| मकर : | जिम्मेवारी बढे पनि सम्हाल्न सक्नु हुनेछ। |
| कुम्भ: | आज सोचमा नवीनता आउनेछ। पुराना साथीसंग भेट हुने सम्भावना छ। |
| मीन: | अरुको कुरा सुनेर मात्र निर्णय लिनुहोस्। भावनात्मक पक्ष बलियो रहनेछ। |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आमरण अनशनप्रति पूर्व मुख्यमन्त्री सिंहको ऐक्यबद्धता




**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरी जिल्लाको देवानगञ्ज क्षेत्रमा भएको दुःखद घटनापछि उत्पन्न परिस्थितिप्रति विभिन्न माग राख्दै राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादवको आमरण अनशनप्रति मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सतिश सिंहले ऐक्यबद्धता जनाएको छ।

सामाजिक सञ्जालमा एक प्रेस विज्ञप्ति जारी गर्दै पूर्व मुख्यमन्त्री सिंहले ती घटनापछि विभिन्न माग राख्दै राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादव तीन दिनदेखि आमरण अनशनमा रहेका विषयलाई गम्भीरतापूर्वक लिएको जनाएको छ।

उनले लोकतान्त्रिक व्यवस्थामा नागरिकले आफ्नो आवाज शान्तिपूर्ण रूपमा अभिव्यक्त गर्ने अधिकार संविधानद्वारा सुनिश्चित गरिएको छ। त्यसैले उहाँको स्वास्थ्य अवस्थाप्रति सरकार संवेदनशील बन्नु आवश्यक रहेको भनेका छन् ।

कुनै पनि घटनाको दीर्घकालीन समाधान आन्दोलनलाई बेवास्ता गरेर होइन, संवाद, निष्पक्ष अनुसन्धान र कानुनी प्रक्रियामार्फत मात्र सम्भव रहेकाले घटनाको सत्यतथ्य सार्वजनिक गर्न, पीडित परिवारलाई न्याय दिलाउन तथा आन्दोलनरत पक्षसँग अविलम्ब वार्ता गरी समस्याको समाधानतर्फ अग्रसर हुन सरकारसँग उनले आग्रह गरेका छन् ।

अनशनरत पक्षले सरकारसमक्ष प्रस्तुत गरेका मागहरू सम्बन्धमा सरकार गम्भीर संवादमा बस्नुपर्ने आवश्यकता रहेको भन्दै लोकतान्त्रिक व्यवस्थामा उठाइएका कुनै पनि मागहरू संविधान, कानुन र राष्ट्रिय हितको परिप्रेक्ष्यमा सम्बोधन गर्ने जिम्मेवारी सरकारकै रहेकै उल्लेख गरेका छन् ।

उनले यादवको आमरण तेस्रो दिनमा प्रवेश गरिसकेको अवस्थामा सरकार मौन बसिरहनु उचित नरहेको भन्दै अनशनरत व्यक्तिको स्वास्थ्यमा कुनै अप्रिय अवस्था सिर्जना हुनु राज्यका लागि पनि गम्भीर विषय बन्न सक्छ । त्यसैले सम्बन्धित निकायले तत्काल पहल गरी संवादको वातावरण निर्माण गर्न, अनशनरत पक्षसँग वार्ता गर्न तथा समस्याको शान्तिपूर्ण समाधान खोज्न भनी माग गरेका छन् ।

सरकारले सुनसरी घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउने, पीडित परिवारलाई न्याय दिलाउने तथा आन्दोलनरत पक्षसँग अविलम्ब संवाद गरी उत्पन्न गतिरोध अन्त्य गर्न आवश्यक पहल गरोस् भन्नेमा आफू दृढ रहेको पूर्वमुख्यमन्त्री सिंहले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

अध्यक्ष यादवले मृतकलाई शहीद घोषणा र घाइतेको पूर्ण उपचार तथा क्षतिपूर्ति, जिहादीलाई फाँसीको कानून, रोहँगिया र बंगलादेशी शरणार्थीलाई तत्काल देश निकाला, मुस्लिम आरक्षण खारेज र मुस्लिम आयोग विघटनसहितका माग राख्दै आमरण अनशनमा बसेका हुन् ।

# पर्सामा सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाइने

विरगन्ज । पर्सा जिल्ला सुरक्षा समितिको बैठकले जिल्लाका सबै सुरक्षा निकायले समन्वयात्मक रूपमा जिल्लाको शान्ति सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाउने निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा शुक्रबार बसेको समितिको बैठकले गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को निर्देशन कार्यान्वयन, प्रदेश सुरक्षा समन्वय समिति, मधेस प्रदेश बैठकको निर्णयमाथी छलफल गरी निर्देशन बुँदागत रूपमा सम्बन्धित सरोकारबालसँगको सहकार्य, समन्वय, सहजीकरण र सहभागितामा तत्काल कार्यान्वयन गर्ने र सबै सुरक्षा निकायले समन्वयात्मक रूपमा जिल्लाको शान्ति सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाउने निर्णय गरेको हो ।




गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)ले बिहीवार पछिल्ला घटनाक्रमलाई सुक्ष्म निगरानी र विश्लेषण गर्दै सुरक्षा निकायले सक्रियतापूर्वक समन्वयात्मक ढङ्गले सुरक्षा व्यवस्था मजबुत र सुदृढ बनाउने तथा सुरक्षात्मक कारवाहीमा संयमतापूर्वक सुरक्षाकर्मीको परिचालन गर्ने लगायतको निर्देशन जारी गरेको थियो ।

बैठकले पछिल्लो समय देशका विभिन्न स्थानमा उत्पन्न असहज परिस्थितिका कारण पर्सा जिल्लामा देखिन सक्ने सुरक्षा चुनौतीलाई दृष्टिगत गर्दै शुक्रबार साँझ ५:०० बजेदेखि शनिबार बिहान ६:०० बजेसम्म बीरगञ्जका मुख्य क्षेत्रमा निषेधाज्ञाको आदेश जारी गर्ने निर्णय गरेको छ। रासस

# मधेशमा रोपाइँ ९१ दशमलव ५५ प्रतिशत



जनकपुरधाम। मधेश प्रदेशमा रोपाइँ अन्तिम चरणमा पुगेको छ । मधेस प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्म मधेस प्रदेशभर तीन लाख ५० हजार ११८ दशमलव ८८ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ। जुन कुल रोपाइँयोग्य क्षेत्रफलको ९१ दशमलव ५५ प्रतिशत हो। मधेश प्रदेशका आठ जिल्लामध्ये सिरहामा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा सोही क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको मधेस प्रदेश कृषि विकास निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो ।

सप्तरीमा ९० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । सप्तरीमा ६८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने भएकामा हालसम्म ६१ हजार २०० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ।

धनुषामा ८५ प्रतिशत रोपाइँ भएको छ। जिल्लामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धान खेती हुने लक्ष्य रहेकामा हालसम्म ३७ हजार ३१५ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

त्यस्तै महोत्तरीमा ७४ दशमलव ७७ प्रतिशत, सर्लाहीमा ९४ प्रतिशत, रौतहटमा ९३ प्रतिशत, बारामा ९५ प्रतिशत तथा पर्सामा ९१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

मधेश प्रदेशमा कुल तीन लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएको छ । अनुकूल वर्षा र पर्याप्त सिँचाइ सुविधाका कारण यस वर्ष रोपाइँ सन्तोषजनक रूपमा अघि बढेको अधिकृत विश्वकर्माको भनाइ छ।

# बारामा पनि निकालियो सद्भाव र्‍याली

**टुडे समाचारदाता**

बारा। सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, मेलमिलाप तथा आपसी भाइचारा कायम राख्ने उद्देश्यले शनिबार बारामा वृहत् सामाजिक सद्भाव र्‍याली आयोजना गरिएको छ।




जिल्ला प्रशासन कार्यालय बाराको संयोजनमा आयोजित र्‍याली बिहान जिल्ला प्रशासन कार्यालय परिसरबाट सुरु भई कलैया बजारका विभिन्न मुख्य सडक तथा चोकहरूको परिक्रमा गर्दै सामाजिक एकता, शान्ति र सहिष्णुताको सन्देश प्रवाह गरेको थियो।

र्‍यालीमा जिल्लास्थित विभिन्न राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधि, जनप्रतिनिधि, धार्मिक संघ-संस्थाका अगुवा, विभिन्न धर्म र संस्कृतिमा आस्था राख्ने धर्मावलम्बी, नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी, सुरक्षा निकायका प्रतिनिधि, सरकारी कर्मचारी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।

सहभागीहरूले “विभेद अन्त्य गरौं, भाइचारा बढाऔं”, “हाम्रो एकता, देशको विशेषता”, “घृणा फैलाउने बन्द गरौं, सद्भाव बढाऔं” तथा “शान्ति नै समृद्धिको आधार” लगायतका सन्देश लेखिएका प्लेकार्ड प्रदर्शन गर्दै सामाजिक सद्भाव कायम राख्न सबैसँग अपिल गरेका थिए।

र्‍यालीका क्रममा सहभागीहरूले जातीय, धार्मिक तथा सामुदायिक सद्भावलाई थप सुदृढ बनाउन, कुनै पनि प्रकारका अफवाह, घृणा र हिंसात्मक गतिविधिबाट टाढा रहन तथा सामाजिक शान्ति र आपसी विश्वास कायम राख्न सबै पक्षले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए।

आयोजकका अनुसार पछिल्ला घटनाका कारण समाजमा देखिएको असहज अवस्थालाई शान्तिपूर्ण संवाद, सहिष्णुता र एकतामार्फत समाधान गर्न यस्ता कार्यक्रमले सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरिएको छ।

# लहानमा कर्फ्यु हटाइयो, गोलबजारमा यथावतै

**टुडे समाचारदाता**

लहान । सिरहाको लहान क्षेत्रमा लगाइएको कर्फ्यू हटाइएको छ भने गोलबजार क्षेत्रमा भने कर्फ्यु जिल्ला प्रशासन कार्यालयले यथावत राखेका छ्न ।



जिल्ला प्रशासनले सुरक्षा अवस्थाको समीक्षा गर्दै लहानको कर्फ्यू हटाउने निर्णय गरेपनि गोलबजारको अवस्था अझै संवेदनशील रहेको भन्दै कर्फ्यु जारी नै राखेका छन् ।

सुनसरीको देवानगञ्जमा दुई समूहबीच भएको झडप नियन्त्रण गर्ने क्रममा प्रहरीले चलाएको गोली लागेर युवकको मृत्यु भएपछि त्यसको विरोधमा गोलबजारमा प्रदर्शन भएको थियो । सोही क्रममा औरही गाउँपालिका-२ तुलसियाहीका १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो।

यादवको परिवारसँग सहमति भएपनि गोलबजार क्षेत्रमा अझै तनावको अवस्था रहेको प्रशासनले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार मृतक गणेश यादवको शव गोलबजार नल्याएसम्म त्यहाँ लगाइएको कर्फ्यू हटाइने छैन । प्रशासनले शान्ति सुरक्षा कायम राख्न र सम्भावित अप्रिय घटना रोक्न गोलबजार क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाएको छ । स्थानीय प्रशासनले सबै पक्षलाई संयमता अपनाउन तथा सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको छ।

यसअघि गणेश यादवको परिवार र सरकारबीच घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही लगायतका विषयमा सहमति भएको थियो। सहमतिपछि पनि गोलबजार क्षेत्रमा पूर्ण रूपमा अवस्था सामान्य नभएकाले प्रशासनले निगरानी बढाएको जनाएको छ।

# झैझगडामा संलग्न एक जना पक्राउ

वीरगञ्ज। प्रहरीले झैझगडामा संलग्न भएको आरोपमा एक जनालाई पक्राउ गरेको छ। वीरगञ्ज महानगरपालिका-२ ईदगाहा चोकस्थित भित्री सडकखण्डमा बस्ने १८ वर्षीय समीर अन्सारीले विगतको व्यक्तिगत विवादको विषयमा झैझगडा गरेका भन्दै प्रहरीले निजलाई पक्राउ गरेको हो ।



जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार वीरगञ्ज महानगरपालिका-१६ इनरुवागाउँ बस्ने १८ वर्षका रञ्जित यादवलाई हातपात गरी निज यादवको ओठ तथा नाकमा चोट लागि घाइते बनाएकाले अन्सारीलाई नियन्त्रणमा लिई थप अनुसन्धान सुरु गरिएको हो । यादवको प्रभु अस्पतालमा उपचार भइरहेको छ।

यसैबीच, उक्त घटनामा संलग्न व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिई सूक्ष्म अनुसन्धान गरिरहेको अवस्थामा विभिन्न सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा सामाजिक सद्भाव बिथोल्ने किसिमका समाचार सम्प्रेषण भइरहेकाबारे गम्भीर ध्यानाकर्षण भएको पनि प्रहरीले जनाएको छ।

उक्त घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाइ घटनामा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइसकिएको जनाउँदै प्रहरी नायब उपरीक्षक मल्लाले धार्मिक सद्भाव कायम राखी सही समाचार सम्प्रेषण गर्न र धार्मिक सद्भाव कायम राख्नेतर्फ आवश्यक सहयोग पुर्‍याउन हुन सबै सञ्चारकर्मीहरू तथा समुदायहरूमा आग्रह गर्नुभयो । रासस

# हजुरआमाको हत्या आरोपमा नाति पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिका-३ बरेडवा टोलमा ७५ वर्षीया वृद्धाको हत्या आरोपमा प्रहरीले उनका १८ वर्षीय नातिलाई पक्राउ गरेको छ।



प्रहरीका अनुसार गत १४ साउन बिहीबार साँझ करिब ६ बजे तेतरी खातुन आफ्ना माइलो छोरा शेख निमुदिनको टालीको छानो भएको घरभित्र खाटमा मृत अवस्थामा फेला परेकी थिइन्। घटनाको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी डीएसपी शंकर प्रसाद आचार्यको नेतृत्वमा इलाका प्रहरी कार्यालय कटहरियासहितको टोली घटनास्थलमा पुगेको थियो।

प्रारम्भिक अनुसन्धानका क्रममा घटनालाई शंकास्पद देखिएपछि प्रहरीले मृतकका १८ वर्षीय नाति साहिद शेखलाई नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो। अनुसन्धान अगाडि बढ्दै जाँदा उनले आफ्नै हजुरआमाको हत्या गरेको तथ्य खुलेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले जानकारी दिएका छन्।

प्रहरीले पक्राउ परेका साहिद शेखमाथि थप अनुसन्धान भइरहेको जनाएको छ । यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रौतहटले शुक्रबार राति विज्ञप्ति जारी गर्दै घटनाबारे थप कानुनी प्रक्रिया अघि बढाइएको उल्लेख गरेको छ।

# शान्ति सुरक्षा कायम राख्न अपिल



**टुडे समाचारदाता**

राजविराज। जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लाको शान्ति सुरक्षा, अमनचयन र धार्मिक सहिष्णुता कायम राख्नसर्वसाधारणसँग अपिल गरेको छ।

पछिल्लो समय सामाजिक तथा धार्मिक विषयलाई लिएर उत्पन्न हुन सक्ने तनावलाई मध्यनजर गर्दै प्रशासनले भ्रामक सूचना, उत्तेजक सामग्री र द्वेष फैलाउने गतिविधि नगर्न आग्रह समेत गरेको छ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले शनिबार जारी गरेको सूचनामार्फत सामाजिक सञ्जालबाट धार्मिक वा सामाजिक द्वेष फैलाउने, घृणा उत्पन्न गर्ने तथा शान्ति सुरक्षामा असर पार्ने खालका सामग्री प्रकाशन, पुनःप्रकाशन, लाइक, कमेन्ट वा सेयर नगर्न आग्रह गरेका छन्।

प्रशासनले फेसबुक, टिकटक, इन्स्टाग्राम, ह्वाट्सएपलगायत सामाजिक सञ्जालका गतिविधिमाथि निगरानी भइरहेको जनाएको छ। त्यस्ता सामग्री पोस्ट वा सेयर भएको भए तत्काल हटाउन समेत अनुरोध गरिएको छ।

तयस्तै, कुनै पनि आन्दोलन वा प्रदर्शनका क्रममा लाठी, भाला, तरबार तथा अन्य घरेलु हातहतियार प्रदर्शन नगर्न प्रशासनले सचेत गराएको छ। आन्दोलनमा बालबालिकाको प्रयोग कानुनविपरीत हुने भन्दै बालबालिकालाई सहभागी नगराउन पनि आग्रह गरिएको छ।

प्रशासनले सामाजिक सद्भावमा खलल पुर्‍याउने, धार्मिक भावनामा चोट पुर्‍याउने वा कानुन हातमा लिन खोज्ने जो-कोहीमाथि कानुनी कारबाही हुने चेतावनी दिएको छ भने यस्ता गतिविधिमा संलग्न व्यक्तिमाथि मुलुकी अपराध संहिता, २०७४ तथा विद्युतीय कारोबार ऐन, २०६३ अनुसार कारबाही गरिने जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

प्रशासनले शान्ति र सद्भाव कायम राख्न नागरिक समाज, धार्मिक गुरु, बुद्धिजीवी, सञ्चारकर्मी तथा सबै सरोकारवालासँग सहयोगको अपिल गरेको छ।

# २५ करोडभन्दा कम लागतको उद्योगको काम प्रदेशबाटै

**टुडे समाचारदाता**

काठमाण्डू। पच्चीस करोडभन्दा कम स्थिर पुँजी भएका उद्योगको विभिन्न सिफारिसका काम प्रदेश सरकार र सो मातहतका निकायबाटै गर्न संघीय सरकारका उद्योग विभागले भनेका छन् ।

विभागले सार्वजनिक सूचना जारी गरेर प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने स्थिर पुँजी रु २५ करोडभन्दा कम पुँजी भएका उद्योगको हकमा उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, औजार, कच्चा पदार्थसम्बन्धी कार्य प्रदेश सरकार र सो मातहतका निकायबाट हुने उद्योग विभागले जनाएको हो ।



त्यसैगरी रसायन आयात तथा वण्डेड वेयरहाउस एवं कच्चा पदार्थ खपतको नर्म्स निर्धारणलगायतका अन्य छुट, सुविधा, सहुलियतका सिफारिसहरू सम्बन्धित प्रदेश सरकार र सोअन्तर्गतका निकायहरूबाटै हुने पनि स्पष्ट पारेको छ।

विभागले उद्योग दर्ता र सोसँग सम्बन्धित अन्य थप सात थरिका सेवा पनि अनलाइनमार्फत सेवा प्रवाह गर्ने भएको छ।

विभागले सार्वजनिक सूचना जारी गरेर यही साउन १८ गतेदेखि औद्योगिक व्यवस्थापन सूचना प्रणालीबाट थप सात थरिका सेवा पनि अनलाइनबाटै सम्पादन हुने जनाएको छ।

# मृतकलाई ५० लाख क्षतिपूर्ति दिनुपर्ने मोर्चाको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । सद्भाव र्‍यालीप्रति असन्तुष्टि जनाएका संयुक्त हिन्दु मोर्चासँग आबद्ध युवाहरुले सुनसरीको देवानगञ्जमा भएको घटनालाई लिएर उत्पन्न परिस्थिति साम्यका लाग १२ बुँदे मागसहितको



ज्ञापनपत्र सरकारलाई धनुषा क्षेत्र नं. ३ का सांसद मनिष झा मार्फत बुझाएका छन् ।

मोर्चाले देवानगञ्ज घटनालाई गम्भीर सुरक्षा र मानवअधिकारसँग जोडिएको विषय भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही तथा पीडित परिवारलाई न्याय दिनुपर्ने, घटनामा संलग्न व्यक्ति तथा योजनाकारलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याउन सरकारसँग मोर्चाले औपचारिक रूपमा माग गरेका छन् ।

साथै, छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न, गोली चलाउने व्यक्तिहरू र घटनाका योजनाकारको पहिचान खुलाउनुपर्ने सहित ज्ञापनपत्रमा मृतकका परिवारलाई ५० लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन, परिवारका एक सदस्यलाई सरकारी रोजगारी दिन, घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न तथा मृतकलाई शहीद घोषणा गर्नुपर्ने माग समेटिएको छ ।

ज्ञापनपत्र मार्फत प्रशासनिक लापरबाहीभएकोदाबीगर्दैजिम्मेवार अधिकारीमाथि कारबाही गर्नुपर्ने, सीमा सुरक्षालाई थप प्रभावकारी बनाउनुपर्ने, नागरिकताको छानबिन गर्नुपर्ने, मस्जिद र मदरसाको अनुगमन गर्नुपर्ने तथा हज यात्रा समितिलगायत केही संवैधानिक र नीतिगत विषयमा समेत सरकारको ध्यानाकर्षण गराइएको छ ।

मोर्चाले आफ्ना मागहरू समयमै सम्बोधन नभए आन्दोलनका कार्यक्रमलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएका छन् ।

ज्ञापनपत्र बुझ्दै प्रतिनिधिसभा सदस्य मनिष झाले संवाद र वार्तामार्फत समस्या समाधानको वातावरण बन्न थालेकोमा खुसी व्यक्त गरे । उनले सबै पक्षबीच सहमतिमार्फत समाधान खोजिने विश्वास व्यक्त गर्दै जनकपुरधामको अवस्था चाँडै पूर्ण रूपमा सामान्य बन्ने अपेक्षा रहेको बताए ।

# मौखिक सहमतिपछि खुल्यो बीपी राजमार्ग

विवाद गत जेठ ११ गतेदेखि सुरु भएको थियो । वन क्षेत्र अतिक्रमण हटाउने सूचना दिन कालापानी पुगेका डिभिजन वन कार्यालयका कर्मचारीलाई स्थानीयले अवरोध गरेपछि अवस्था तनावपूर्ण बनेको थियो। सोही क्रममा कार्यालयको बा २ झ २७४९ नम्बरको सरकारी सवारीसाधनमा आगजनी भएको आरोपमा चार जनाविरुद्ध मुद्दा दर्ता गरिएको थियो ।



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबास नगरपालिका-३ कालापानीमा स्थानीयले अवरुद्ध गरेको बीपी राजमार्ग मौखिक सहमति पुनः सञ्चालनमा आएको छ ।

आन्दोलनरत पक्ष र जिल्ला प्रशासन कार्यालयबीच भएको मौखिक सहमतिपछि शनिबार अवरुद्ध सडक खोलिएको हो । स्थानीयका माग सम्बोधनका लागि कानुनी प्रक्रिया र आवश्यक समन्वय गर्ने प्रतिबद्धता प्रशासनले जनाएपछि सडक अवरोध हटाइएको हो । राजमार्ग खुलेसँगै लामो समयदेखि रोकिएका सवारीसाधन पुनः सञ्चालनमा आएका छन् ।

यसअघि राजमार्ग अवरुद्ध भएपछि महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामकुमार सारुमगर बर्दिबास पुगेर आन्दोलनरत स्थानीयसँग छलफल गरेका थिए ।

छलफलका क्रममा तत्काल लिखित सहमति गर्न नसकिए पनि कानुनको दायराभित्र रहेर समस्याको समाधान खोज्ने प्रशासनको प्रतिबद्धतापछि स्थानीयले सडक खुलाएका हुन् । स्थानीयले डिभिजन वन कार्यालयका कर्मचारीलाई नियन्त्रणमा लिएको र सरकारी गाडीमा आगजनी गरेको आरोपमा दर्ता गरिएको मुद्दा फिर्ता गर्नुपर्ने माग राख्दै शनिबार बिहानैदेखि बीपी राजमार्ग अवरुद्ध गरेका थिए ।

आन्दोलनका कारण बर्दिबास हुँदै काठमाडौंलगायत विभिन्न गन्तव्यतर्फ जाने सयौं सवारीसाधन रोकिँदा यात्रुहरू समस्यामा परेका थिए । विवाद गत जेठ ११ गतेदेखि सुरु भएको थियो । वन क्षेत्र अतिक्रमण हटाउने सूचना दिन कालापानी पुगेका डिभिजन वन कार्यालयका कर्मचारीलाई स्थानीयले अवरोध गरेपछि अवस्था तनावपूर्ण बनेको थियो। सोही क्रममा कार्यालयको बा २ झ २७४९ नम्बरको सरकारी सवारीसाधनमा आगजनी भएको आरोपमा चार जनाविरुद्ध मुद्दा दर्ता गरिएको थियो ।

स्थानीयले भने उक्त मुद्दा झुटा र अन्यायपूर्ण भएको दाबी गर्दै फिर्ताको माग गर्दै आएका छन् । प्रशासनले कानुनी प्रक्रियाबाट समस्या समाधान गर्ने बताए पनि स्थानीयको मुख्य माग मुद्दा खारेजी रहेको छ ।

यसअघि गृहमन्त्री सुदन गुरुङले महोत्तरीको बर्दिबासस्थित कालापानी वन प्रकरणमा अनुसन्धानको निष्कर्ष नआउँदै कसैलाई दोषी वा निर्दोष भन्न नमिल्ने बताएका थिए ।

उनले घटनासम्बन्धी सत्यतथ्य प्रहरी अनुसन्धानबाटै बाहिर आउने भन्दै आन्दोलनका नाममा सडक अवरुद्ध गर्नु समस्याको समाधान नहुने स्पष्ट पारे । धनुषाको लालगढमा सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री गुरुङले कालापानी वन विवादमा झुटा मुद्दा दर्ता गरिएको भन्दै भइरहेको आन्दोलनप्रति सरकार गम्भीर रहेको उल्लेख गरे ।

उनले कानुनी प्रक्रिया पूरा भएपछि मात्रै घटनाको वास्तविकता स्पष्ट हुने भएकाले सबै पक्षलाई संयमता अपनाउन आग्रह गर्दै सरकारले वास्तविक सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्ने तयारी गरिरहेकाले त्यसलाई प्रभाव पार्ने काम नगर्न अनुरोध गरेका थिए ।

## समस्या समाधान गर्न निर्माण व्यवसायीको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्माण व्यवसायी संघ धनुषाले मधेश तथा कोशी प्रदेशका जिल्लाहरुमा हालै भएका हिंसा, आगजनी र झडपका घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै सबै पक्षलाई तत्काल वार्तामार्फत समस्या समाधान गर्न आग्रह गरेका छन् ।

संघका अध्यक्ष अशोक कुमार चौधरी द्वारा जारी अपीलमा घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

अपीलमा नेपाल लामो समयदेखि विभिन्न जात, धर्म, भाषा र संस्कृतिबीचको आपसी सद्भाव, सहकार्य र एकताको उदाहरण रहेको उल्लेख गर्दै पछिल्ला हिंसात्मक घटना, आगजनी, तोडफोड तथा झडपले सामाजिक सद्भावमा गम्भीर असर पुऱ्याएको जनाइएको छ ।

निर्माण व्यवसायी संघले आफ्ना सम्पूर्ण सदस्यलाई सामाजिक सद्भावलाई प्राथमिकतामा राख्दै कुनै पनि उक्साहट वा हिंसात्मक गतिविधिमा संलग्न नहुन आग्रह गरेको छ। साथै, सबै नेपालीलाई राष्ट्रिय एकता, सामाजिक सद्भाव र स्थायी शान्ति कायम राख्न संयम अपनाउन आह्वान गरिएको छ।

संघले नेपाल सरकार, स्थानीय राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्बन्धित सबै पक्षसँग वार्ता र संवादमार्फत समस्याको समाधान खोज्न अनुरोध गरेको छ। विगतमा पनि संवादकै माध्यमबाट जटिल समस्याको समाधान हुँदै आएको उल्लेख गर्दै वर्तमान अवस्थाको पनि तत्काल वार्ताबाट दीर्घकालीन समाधान निकाल्नुपर्नेमा जोड दिइएको छ।

निर्माण व्यवसायी संघ धनुषाले शान्ति, सामाजिक सद्भाव र सहकार्य कायम राख्न सबै पक्षलाई जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह समेत गरेको छ।

# सेजका ४५ करोडको भवन खण्डहर बन्दै

**टुडे समाचादाता**

बारा । बाराको जितपुर सिमरा उपमहानगरपालिका-४ स्थित आर्थिक क्षेत्र प्राधिकरण (सेज) मा ४५ करोडको लागतमा निर्मित भवन प्रयोगमा नआउंदा खण्डहरमा परिणत हुँदै गएको छ ।

सिमरा सेजको ब्लक 'ए' मा विभिन्न सेवामूलक कार्यालय



सञ्चालन गर्ने उद्देश्यले बनेका भवन प्रयोगमा नआउँदा खण्डहरमा परिणत हुन थालेका हुन् । सिमरा सेजको ब्लक 'ए' मा उद्योगहरू धमाधम बनिरहेका छन् ।

तर सेजको उद्देश्य बमोजिमका सेवामूलक कार्यालय सञ्चालनमा सम्बन्धित क्षेत्रले चासो नदिएपछि भन्सार, बैंक, इन्स्योरेन्स, पोस्ट अफिस, पोलिक्लिनिक, डे-केयर लगायतका सेवा सञ्चालन गर्ने उद्देश्यले बनेका भवनहरू झाडीले छोप्न थालेका छन् । झ्याल ढोकाहरू फुट्न थालेका छन् भने रेलिङहरू भाँचिन थालेका छन् ।

विशेष क्षेत्र प्राधिकरणको सिमरा कार्यालयका अनुसार यहाँ बनेका सेवा भवन सञ्चालनका लागि प्राधिकरणले दुई वर्षअघि नै सूचना प्रकाशन गरेर प्रस्ताव आह्वान गरेको थियो ।

केही बैंक तथा वित्तीय संस्थाहरूले सेवा सञ्चालनमा रुचि देखाएपनि उनीहरूको आवश्यकताभन्दा ठूला संरचना बनेकाले सम्झौता हुन नसकेको सिमरा सेजका फिल्ड प्रमुख अजय चौधरीले जानकारी दिए ।

'सेजले प्रस्ताव मागेपछि केही बैंकहरूले रुचि देखाएका थिए । बैंकबाट हेर्न पनि आउनु भयो, तर भवन ठूलो भयो भनेर फर्कनु भयो,' चौधरीले भने ।

उद्देश्य अनुसारका सेवा क्षेत्र नआएपछि सेजले यहीँ सञ्चालनमा आएका तथा बन्दै गरेका उद्योगहरूको कार्यालय प्रयोजनका लागि समेत भवन भाडामा दिने नीति अघि सारेको छ । तर सेजमै चलिरहेका तथा बनिरहेका उद्योगहरूले समेत सेवा भवनमा कार्यालय राख्न चासो नदिएको सेजका फिल्ड प्रमुख चौधरीले बताए ।

'जुन सेवा क्षेत्रलाई आह्वान गरिएको थियो, उनीहरू नआएपछि यहीँका उद्योगको अफिस राख्नसमेत यी भवन दिने भनेका छौं । कोही आउनु भएको छैन,' चौधरीले भने ।

सिमरा सेजको प्रशासनिक भवनसहित भन्सार, बैंक, इन्स्योरेन्स, पोस्ट अफिस, पोलिक्लिनिक, डे-केयर लगायतका सेवा सञ्चालन गर्ने उद्देश्यले बनेका कूल सात वटा भवन ४५ करोडको लागतमा बनेका थिए । प्रशासनिक भवन भने साउन अन्तिम साताबाट उपयोगमा ल्याउने गरी तयारी भइरहेको कार्यालयले जनाएको छ ।

सिमरा सेजको ब्लक 'ए' मा बन्ने २२ वटा उद्योगमध्ये हाल ६ वटाले उत्पादन गरिरहेका छन् । थप १० वटा उद्योग अन्तिम चरणमा निर्माणाधीन छन् भने थप ६ वटाले पूर्वाधार निर्माणको तयारी गरिरहेका छन् ।

# जनकपुरधामबाट ४५ जना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरी घटनालाई लिएर उत्पन्न परिस्थितिको फाइदा उठाउँदै साम्प्रदायिक तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने प्रयास गरेको आरोपमा प्रहरीले मधेश र कोशी प्रदेशबाट ६५ जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयका अनुसार २०८३ साउन १३ गतेदेखि १६ गते बिहान ९ बजेसम्मको अवधिमा प्रदर्शनको क्रममा सामाजिक सद्भाव बिगार्ने, उत्तेजक गतिविधि गर्ने तथा हिंसा भड्काउने कार्यमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीको विवरण अनुसार सबैभन्दा बढी धनुषाबाट ४५ जना पक्राउ परेका छन् भने सिरहाबाट ५ जना, सर्लाहीबाट ४ जना, महोत्तरीबाट २ जना, पर्साबाट १ जना, सप्तरीबाट १ जना र कोशी प्रदेश सुनसरीबाट २ जना सहित अन्य जिल्लाबाट ५ जना पक्राउ गरिएको हो ।

पछिल्लो समय मधेश तथा कोशी प्रदेशका केही जिल्लामा भएका घटनापछि सामाजिक सञ्जाल तथा सडक प्रदर्शनमार्फत सद्भावमा असर पार्ने गतिविधि बढेको भन्दै प्रहरीले निगरानी बढाएको जनाएको छ ।

नेपाल प्रहरीले विभिन्न समुदायबीचको आपसी एकता र सद्भाव कायम राख्न सबै पक्षलाई संयम अपनाउन आग्रह गर्दै सामाजिक सद्भाव खलल पार्ने गतिविधिमा संलग्न जोसुकैलाई कानुनअनुसार कारबाही गरिने जनाएको छ ।

# व्यक्तिगत घटनालाई साम्पद्रायिकतासँग नजोड्न आग्रह

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-२ ईदगाह चोक भएको घटनालाई साम्प्रदायिकतासँग नजोड्न जिल्ला प्रहरी कार्यालय पर्साले अनुरोध गरेको छ ।



जिप्रकाले दुई युवाबीच भएको व्यक्तिगत विवादको घटनालाई सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा धार्मिक तथा साम्प्रदायिक रंग दिएर प्रचार गरिएको भन्दै जिल्ला प्रहरी कार्यालय पर्साले गम्भीर ध्यानाकर्षण भएको जनाउंदै यसलाई साम्प्रदायिकतासँग नजोड्न अनुरोध गरेका हुन् ।

प्रहरीका अनुसार शुक्रबार साँझ करिब ७:३५ बजे वीरगञ्ज-२ ईदगाहा चोकस्थित भित्री सडकमा वीरगञ्ज-१६ इनर्वागाउँ निवासी १८ वर्षीय रञ्जित यादवमाथि विगतको व्यक्तिगत विवादका कारण वीरगञ्ज-२ निवासी १८ वर्षीय समिर अन्सारीले हातपात गरेका थिए ।

घटनामा रञ्जित यादवको ओठ र नाकमा चोट लागेको प्रहरीले जनाएको छ । घाइतेलाई तत्काल प्रभु अस्पतालमा उपचारका लागि लगिएको र उनको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। घटनामा संलग्न समिर अन्सारीलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाएको जनाएको छ।

घटनाबारे सत्यतथ्य अनुसन्धान भइरहेका बेला सामाजिक सञ्जाल तथा केही सञ्चारमाध्यममा सामाजिक तथा धार्मिक सद्भाव बिथोल्ने किसिमका समाचार र सामग्री प्रचारप्रसार भएको भन्दै पर्सा प्रहरीले चिन्ता व्यक्त गरेको छ। प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लद्वारा जारी विज्ञप्तिमा घटनाको निष्पक्ष अनुसन्धान गरी संलग्न व्यक्तिमाथि कानूनबमोजिम कारबाही प्रक्रिया अघि बढाइएको उल्लेख गरिएको छ ।

प्रहरीले घटनालाई अतिरञ्जित वा साम्प्रदायिक रूपमा प्रस्तुत नगर्न आग्रह गर्दै सही,तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न तथा धार्मिक सद्भाव कायम राख्न सञ्चारकर्मी, सामाजिक सञ्जाल प्रयोगकर्ता र सर्वसाधारणसँग सहयोगको अपिल गरेको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८